परिशिष्ट "क"

**श्री कल्याणकारी योजना निर्देशनालय**
**कार्यरथी विभाग**
**जंगी अड्डा ।**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७३/०५/३१ गते)**

१. नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान अन्तर्गत नर्सिङ्ग महाविद्यालय, भण्डारखालमा स्थायी सेवामा आवश्यक विभिन्न तहका उप–प्राध्यापक (अधिकृत स्तर) पदहरु खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डामा दरखास्त आव्हान गरिन्छ ।

**पदपूर्ति गर्नुपर्ने पद तथा योग्यताको विवरण**

| सि.नं. | आवश्यक पद | योग्यता र अनुभव | कै. |
|---|---|---|---|
| १ | उप–प्राध्यापक (Women's Health-2) | (क) त्रिभुवन विश्वविद्यालय वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने ।<br>(ख) मान्यता प्राप्त विश्वविद्यालय अन्तर्गतका शिक्षण संस्थाहरुमा नर्सिङ्ग विषयमा कम्तिमा २ वर्षसम्म सहायक प्राध्यापक पदमा रही अध्यापन कार्य गरेको अनुभव हुनुपर्ने ।<br>(ग) कम्तिमा पनि १ वर्ष Hospital मा Clinical Nursing कार्यको अनुभव हुनुपर्ने । | नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, नर्सिङ्ग महाविद्यालय, भण्डारखाल । |

२. **दरखास्त फाराम पाईने स्थान, दस्तुर र फाराम बुझाउने शुरु मिति तथा स्थान:** अधिकृत स्तरको रु.१०००।– दरखास्त फाराम दस्तुर तिरी श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डाबाट फाराम प्राप्त गरी मिति २०७३/०५/३१ गतेदेखि कार्यालय समय भित्र फाराम बुझाउन सकिनेछ ।

३. **फाराम तथा आवश्यक कागजाद बुझाउने स्थान:** श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डा ।

४. **फाराम तथा आवश्यक कागजाद बुझाउने अन्तिम मिति:** मिति २०७३/०६/१४ गतेको १६०० बजेभित्र ।

५. **फाराम साथ अनिवार्य पेश गर्नुपर्ने आवश्यक कागजादहरु**

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
(ख) सम्पुर्ण तहका शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
(ग) नर्सिङ्ग काउन्सिलको सदस्यताको प्रमाणपत्रको प्रतिलिपि ।
(घ) आफूले प्राप्त गरेको तालिमको प्रमाण पत्रको प्रतिलिपि ।
(ङ) कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपि ।
(च) No Objection पत्र ।
(छ) Curriculum Vitae (CV)

६. **छनौट प्रक्रिया:** उम्मेदवारहरुको Curriculum Vitae (CV) अध्ययन गरी तय गरिएको Short List अनुसारका उम्मेदवारहरुलाई प्रयोगात्मक परीक्षा तथा अन्तवार्तामा समावेश गरी अन्तिम नतिजा प्रकाशन गरिनेछ ।

७. **तलब, भत्ता तथा अन्य सुविधाहरु:** **"नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानको कार्यविधि २०६८"** अनुसार हुनेछ ।

८. **सम्पर्क मिति र स्थान:** मिति २०७३/०६/१६ गतेको १३०० बजे, श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डा ।

९. **नोट:-**

(क) उम्मेदवारहरुले सम्पर्क तथा परीक्षा हुने स्थानमा आफ्नै व्यवस्थाले आई प्रतिवेदन गर्नु पर्नेछ ।
(ख) Short Listing प्रयोगात्मक परीक्षा तथा अन्तरवार्ता सम्बन्धी विस्तृत विवरण सम्पर्क मितिमा जानकारी गराईने छ ।
(ग) Curriculum Vitae (CV) पेश गर्ने उम्मेदवारहरु उपर कुनै वात कसुर नलागेको हुनु पर्नेछ ।
(घ) अन्तरवार्तामा सहभागी हुन आउने उम्मेदवारहरुले सक्कलै प्रमाण पत्रहरु साथमा ल्याउनु पर्नेछ ।
(ङ) थप केही जानकारी लिनु परेमा श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डाको फोन नं. ०१-४२१६८४६, ४२२५९४३ College of Nursing, भण्डारखालको फोन नं.०१-४८८००६७ तथा ०१–४८८०३५२ मा सम्पर्क राख्न सकिनेछ ।